# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/०६ गते बुधबारको समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०४/११ गते शुक्रबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८१/०२/२१ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

### क. ऋणी तथा जमानतकर्ताको विवरण :

**१ ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७१/०२/२३ मा दर्ता भई दर्ता नं. १२३३२७/७०/०७१ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, हेटौंडा, मकवानपुरबाट मिति २०७३/०२/३० मा कारोवारको नाम मदरल्याण्ड एग्रिकल्चर इण्डष्ट्री प्रा.लि. भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०१८८३३२३ को प्रमाणपत्र प्राप्त **मदरल्याण्ड एग्रिकल्चर इण्डष्ट्री प्रा.लि.** ।

**फर्मको रजिष्टर्ड ठेगाना :** मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ८, हेटौंडा ।

**संचालक तथा जमानतकर्ता : तुला बहादुर लामा**
(ना.प्र.नं. ४३३००, जारी मिति २०५२/१०/१५, प्रतिलिपि जारी मिति : २०७३/०१/२२, जिल्ला प्रशासन कार्यालय नुवाकोट) । स्थाई ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. १३ (साविक मदानपुर गा.वि.स. वडा नं. १) । हालको ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ९ ।
बाबु : टेक बहादुर लामा । बाजे : मान सिङ लामा ।

**संचालक तथा जमानतकर्ता : हर्क वहादुर भोम्जन**
(ना.प्र.नं. ५३२०, जारी मिति २०३९/०१/०२, जिल्ला प्रशासन कार्यालय, मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ८ (साविक रातोमाटे गा.वि.स. वडा नं. ७) ।
बाबु : भिम वहादुर भोम्जन ।
बाजे : ग्यागर सिङ भोम्जन ।

**संचालक तथा जमानतकर्ता : टेक बहादुर लामा**
(ना.प्र.नं. २०८५३, जारी मिति २०४५/१०/०६, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) ।
स्थाई ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. १३ (साविक मदानपुर गा.वि.स. वडा नं. १) ।
हालको ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ९ ।
बाबु : मान सिङ लामा । बाजे : दुर्गा बहादुर लामा ।

**संचालक तथा जमानतकर्ता : रुपाबती लामा**
(ना.प्र.नं. २०८५२, जारी मिति २०४५/१०/०६, जिल्ला प्रशासन कार्यालय, नुवाकोट) ।
स्थाई ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. १३ (साविक मदानपुर गा.वि.स. वडा नं. १) ।
हालको ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ९ ।
पति/ससुरा : टेक बहादुर लामा/मान सिङ लामा ।

### लिलाम विक्री हुने सम्पत्तिको विवरण :

१. संचालक तथा जमानतकर्ता **तुला बहादुर लामा**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ९, नक्सा सिट नं. ९, कित्ता नं. २९२० क्षेत्रफल ०-०-५-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ..........१

२. ऋणी **मदरल्याण्ड एग्रिकल्चर इण्डष्ट्री प्रा.लि.**को स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

### पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय हेटौडा, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय हेटौडा, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ ।


PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७९०००**



Size: 3x28